**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २२८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र १३ गते शुक्रबार ❑ 28 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## 'एक्याप'ले उठायो एकैवर्षमा साढे ४६ करोड पर्यटक शुल्क

**पोखरापत्र संवाददाता**
पोखरा, १२ भाद्र

पर्यटक आगमनमा वृद्धि भएसँगै अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को पर्यटक प्रवेश शुल्कबाट हुने आम्दानी पनि बढेको छ।

एक्यापका अनुसार गत आवमा विदेशी पर्यटकबाट रु ४६ करोड ४८ लाख ८१ हजार ४८३ सङ्कलन भएको छ। आव २०८०/८१ को तुलनामा गत आवमा पर्यटक आगमन २५ प्रतिशतले वृद्धि एक्यापको भनाइ छ। 'एक्याप'को आँकडाअनुसार अघिल्लो आवमा दुई लाख २२ हजार १८० विदेशी पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेकामा गत आवमा पर्यटक सङ्ख्या बढेर दुई लाख ७८ हजार ११३ पुगेको थियो। तीमध्ये दक्षिण एसियाली मुलुकका एक लाख ५७ हजार ७८६ र अन्य देशका एक लाख २० हजार ३२७ पर्यटक थिए।

आव २०८०/८१ मा पर्यटक प्रवेश शुल्कबापत रु ३८ करोड ९४ लाख ६१ हजार ४८३ सङ्कलन भएको थियो। आयोजना प्रमुख डा रविन कडरियाले दक्षिण एसियाली मुलुकका पर्यटकका लागि रु एक हजार र अन्य विदेशी पर्यटकका लागि रु तीन हजार प्रवेश शुल्क तोकिएको बताउनुभयो। पर्यटक शुल्कलगायतबाट हुने आम्दानीको ठूलो हिस्सा संरक्षण गतिविधि र पर्यटन प्रवर्द्धनका कार्यक्रममा खर्च हुने गरेको उहाँको भनाइ छ। "एक्यापका लागि सरकारले छुट्टै बजेट दिँदैन, आन्तरिक आम्दानीबाट कार्यालय, कर्मचारी व्यवस्थापदेखि वार्षिक कार्यक्रम सञ्चालन हुने गर्छन्", आयोजना प्रमुख डा कडरियाले भन्नुभयो, "स्थानीयस्तरमा रहेका संरक्षण क्षेत्र व्यवस्थापन समितिमार्फत बजेट र कार्यक्रम कार्यान्वयन हुन्छ।" चालु आवका लागि रु ३८ करोडको बजेट स्वीकृत भएको उहाँले बताउनुभयो। 'एक्याप'ले पदमार्ग निर्माण, फोहर व्यवस्थापन, साना सिँचाइ, खानेपानी आयोजना निर्माण, आयआर्जन, संरक्षण शिक्षालगायतका गतिविधि सञ्चालन गर्दै आएको छ। पर्यटक प्रवेश शुल्कबाट हुने आम्दानी 'एक्याप'मै रहने र जडीबुटी सङ्कलनलगायत प्राकृतिक स्रोतको उपयोगबापत उठ्ने रकम नेपाल सरकारको राजश्वमा जम्मा हुने गरेको आयोजना प्रमुख डा कडरियाले बताउनुभयो। 'एक्याप'भित्र सञ्चालित जलविद्युत् आयोजनाको शुल्क, पर्वतारोहण शुल्क, निषेधित क्षेत्र प्रवेश शुल्क आदिबाट पनि राज्यलाई महत्वपूर्ण लाभ पुगिरहेको उहाँको भनाइ छ।

विदेशी नागरिकका लागि निषेधित उपल्लो मुस्ताङ र मनाङको नार फू क्षेत्रमा प्रवेश गर्ने पर्यटकबाट गत आवमा रु ३० करोड १७ लाख ५२ हजार प्रवेश शुल्क सङ्कलन भएको जनाइएको छ। निषेधित क्षेत्र प्रवेशको शुल्क अध्यागमन कार्यालयमार्फत सङ्कलन हुने गरेको छ। उपल्लो मुस्ताङ घुम्ने पर्यटकले ५०० डलर र नार फू जाने पर्यटकले एक हजार डलर तिर्ने गरेका छन्।

पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध अन्नपूर्ण क्षेत्रमा दुई मुख्य पर्यटकीययाम असोज-कात्तिक र चैत-वैशाखमा पदयात्राका लागि बढी पर्यटक आउने गरेका छन्। सोही याममा धार्मिक भ्रमणमा आउने पर्यटकको सङ्ख्या पनि उल्लेख्य रहने गरेको आयोजना प्रमुख डा कडरियाले बताउनुभयो। आव २०७९/८० मा जम्मा एक लाख ७२ हजार १०८ विदेशी पर्यटक यस क्षेत्रमा भित्रिएकामा पछिल्लो आवमा आइपुग्दा एक लाख बढी पर्यटक थपिएका हुन्। वर्षात् र जाडोयाममा यस क्षेत्रमा आउने पदयात्री पर्यटकको सङ्ख्या न्यून हुने गरे पनि अन्य सययमा भने आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल हुने गरेको छ। मुक्तिनाथलगायत गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडकमार्ग प्रयोग गरे पनि अन्य मुलुकका पर्यटकले भने पदयात्रा रुचाउने गरेका छन्। कार्यालयले अन्नपूर्ण संरक्षण क्षेत्रमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ। अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, सिक्लेस, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायत गन्तव्यस्थलमा बर्सेनि लाखौँ आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन्। सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा पर्छन्।

## प्रदेश प्रमुख समक्ष मुख्य न्यायाधिवक्ताको कार्यालयको प्रतिवेदन पेश

**पोखरापत्र संवाददाता**
पोखरा, १२ भाद्र

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टसमक्ष गण्डकीका मुख्य न्यायाधिवक्ताको कार्यालयले प्रतिवेदन पेश गरेको छ।

मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा पौडेलले कार्यालयको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन बिहीबार एक कार्यक्रमका बीच हस्तान्तरण गर्नुभएको हो। प्रदेश प्रमुख भट्टले मुख्य न्यायाधिवक्ता मुख्यमन्त्रीका कानुनी सल्लाहकार रहेकाले प्रदेश सरकारको न्यायिक कामकारबाही नै मुख्य न्यायाधिवक्ताको प्रमुख दायित्व रहने उल्लेख गर्नुभयो। 'प्रदेश सरकारलाई कानुनी सल्लाहका साथै न्यायिक कामकारबाहीमा सहायता प्रदान गर्ने जिम्मेवारी मुख्य न्याधिवक्ताको हो।' भट्टले भन्नुभयो। संवैधानिक व्यवस्था अनुरुप प्राप्त जिम्मेवारीअनुसार कार्यालयले आफ्ना कार्य सम्पादन गर्दै आएको विश्वास व्यक्त गर्नुहुँदै उहाँले कार्यालयले संघीयताका तहगत स्पष्टताका विषयमा नागरिक छलफल चलाउने, स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धिका लागि तालिम प्रशिक्षण लगायतमा जोड दिन ध्यानाकर्षण गराउनुभयो।



कार्यक्रममा मुख्य न्यायाधिवक्ता शर्माले वार्षिक रुपमा प्रतिवेदन पेश गर्नुपर्ने कानुनी प्रावधान अनुसार गत आर्थिक वर्षमा सम्पादन गरिएका कार्यहरुको संक्षिप्त विवरण पनि प्रस्तुत गर्नुभयो। मुख्य न्यायाधिवक्ताको कार्यालयबाट प्रदेश सरकारको प्रतिनिधि भई प्रतिरक्षा गरिएका मुद्दा, लिखित रुपमा राय माग भई आएका विषय, राय सुझावसहित पठाइएका नीति, ऐन नियम आदि विषय प्रतिवेदनमा समेटिएको उहाँले जानकारी गराउनुभयो।

मुख्य न्यायाधिवक्ता शर्माले कार्यालयले प्रदेश सरकारलाई विभिन्न विधेयकहरुमा निर्माणमा सहयोग गरेको र कार्यालय शुन्य बेरुजुको प्रयासमा रहेको उल्लेख गर्नुभयो। नेपालको संविधानको धारा १६० मा प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने संवैधानिक व्यवस्था रहेको छ। मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ११ ले मुख्य न्यायधिवक्ताले प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त प्रतिवेदन प्रदेश सभा समक्ष पेश गर्न प्रदेश प्रमुख कार्यालयबाट मुख्यमन्त्री कार्यालयलाई पठाउनेछ।

कार्यालयले वर्ष भरिमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण, प्रदेश सरकार बादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरिएको संक्षिप्त विवरण, मुद्दा मामिलामा गरिनुपर्ने सुधारको विवरण लगायत प्रतिवेदनमा उल्लेख गर्दछ।

## पूर्वराष्ट्रपति भण्डारी पार्टीविरुद्ध यसरी लाग्नुहोला भन्ने कल्पना गरेको थिइनँ: अध्यक्ष ओली

**रासस**
काठमाडौं, १२ भाद्र

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले यही भदौ ११ गते पार्टीको आसन्न दोस्रो विधान महाधिवेशनको पूर्वसन्ध्यामा काठमाडौँ जिल्लाबाट प्रतिनिधित्व गर्ने महाधिवेशन प्रतिनिधिसँगको भेटघाटमा व्यक्त गर्नुभएको भनाइका सन्दर्भमा कतिपय 'अनलाइन' र सामाजिक सञ्जालमा सम्प्रेषित सूचनाका सम्बन्धमा प्रधानमन्त्रीको सचिवालयको ध्यानाकर्षण भएको जनाएको छ। उक्त कार्यक्रम कुनै प्रशिक्षणमूलक नभई अनौपचारिक भेटघाट मात्र भएको जनाउँदै प्रधानमन्त्रीको सचिवालयले काठमाडौँका प्रतिनिधिसँग अध्यक्ष ओलीले भन्दै नभनेको 'एमालेमा मलाई धक्का दिन विद्या भण्डारीबाहेक कसैको दम छैन, विद्याले छाडे सबै मिल्छ' जस्ता भ्रामक र मनगढन्ते विषय स्वार्थबाट प्रेरित भई बाहिर ल्याइएको जनाउँदै त्यसप्रति आपत्ति प्रकट गरेको छ। भेटमा अध्यक्ष ओलीले नेपालमा वामपन्थी आन्दोलनको ऐतिहासिक र सङ्घर्षपूर्ण विगतको पृष्ठभूमि, पार्टीको हित विपरीत व्यक्तिगत स्वार्थमा लाग्दा आन्दोलनमा भएको क्षति, हाल पार्टीले अङ्गीकार गरेको नीति र पार्टीको केन्द्रीय कमिटीको पछिल्लो निर्णय, वर्तमान सरकारले विकास र सुशासनका लागि गर्दै आएका कामबारे आफ्ना विचार प्रस्तुत गर्नुभएको थियो। अध्यक्ष ओलीले "पूर्वराष्ट्रपति भण्डारीलाई आफूले जति सम्मान अरू नेताले नगरेका र उहाँ अहिले पार्टी र नेतृत्वको विरोध गर्ने ठाउँमा कसरी पुग्नुभएको भन्ने आश्चर्यमा परेको उल्लेख गर्दै पूर्वराष्ट्रपति भण्डारीले पार्टीमा विधिवत् रुपमा सदस्यता प्राप्तिको बाटो नलिएर 'मिडिया' र पार्टीका अन्य नेताहरुसँग भेटेर सक्रिय राजनीतिमा आउने कुरा गर्नुभयो। यस्ता गतिविधिले पार्टीको लक्ष्य र आन्तरिक एकतामा सहयोग पुग्दैन र उहाँ त्यस रुपमा आएर पार्टीको एकतालाई भड्काउन हुँदैन भन्ने पार्टीका आम साथीहरुलाई लागेको छ। केन्द्रीय कमिटीले उहाँलाई सदस्यता दिँदा उहाँ र आन्दोलनको सम्मानमा आँच पुग्ने निष्कर्ष हो। उहाँले पार्टीमा आएर अध्यक्ष उठ्दा जित्नुहुन्न। नेतृत्व लिने कुरा कसैको आँखामा नबिझ्ने लालगेडी हुनु होइन", अध्यक्ष ओलीले भन्नुभएको वास्तविकता प्रस्तुत गर्दै प्रधानमन्त्रीको सचिवालयले उल्लेख गरेको छ।


## गरिमा विकास बैंक लिमिटेडको शाखा कार्यालय स्थानान्तरण सम्बन्धी सूचना

यस **गरिमा विकास बैंक लिमिटेड**को शाखा कार्यालय लेकसाईड यही **मिति २०८२ भदौं १५ गते आइतबार**देखि निम्न स्थानमा स्थानान्तरण भई कारोबार सञ्चालन हुन गईरहेको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | हाल संचालनमा रहेको स्थान | स्थानान्तरण हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | पोखरा महानगपालिका वडा नं.-६ (हल्लनचोक) | पोखरा महानगपालिका वडा नं.-६ हल्लनचोक (चार घरमाथि) | साविकको स्थानबाट पूर्व तर्फ करिब १०० मिटरको दुरीमा |

कार्यालय स्थानान्तरणसंगै ग्राहक महानुभावहरुले अझै सहज र छरितो रुपमा सेवा लिन सक्नुहुनेछ भन्ने कुरामा हामी पूर्ण विश्वस्त छौं।

**थप जानकारी आवश्यक भएमा ९८५६०११०९० मा सम्पर्क गर्न सक्नुहुनेछ।**

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

**केन्द्रीय कार्यालय: काठमाडौं–२, लाजिम्पाट, फोन : ०१–४५४५४२४/२५/२६**






पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरेली प्रगतिशिल साहित्यकार विद्याविमलको 'आगोजस्तै पहाड' र 'मरिसेला' विमोचन

पोखरापत्र संवाददाता
पोखरा, १२ भाद्र

पोखरेली प्रगतीशिल साहित्यकार विद्याविमल बरालको 'आगोजस्तै पहाड' र 'मरिसेला' बिहीबार विमोचन भएको छ । वामपन्थी नेता टेकनाथ बराल (टि.एन. सर)को दोस्रो स्मृति दिवसको अवसरमा बिहीबार उनका जेठा छोरा विद्याविमलले लेखेको 'आगोजस्तै पहाड' संस्मरण र 'मरिसेला' उपन्यासको विमोचन गरिएको हो ।



कार्यक्रममा बरिष्ठ प्रगतीशिल साहित्यकार तथा नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवाली, नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा गण्डकी प्रदेश ईन्चार्ज किरण गुरुङलगायतले विमोचन गरेका थिए । टि.एन.बराल स्मृति अध्ययन केन्द्रले प्रकाशन गरेको यी दुई पुस्तकमध्ये 'आगोजस्तै पहाड' राजनीतिक संस्मरण र 'मरिसेला' उपन्यास काल्पनिक रुपमा रचिएका छन् । कार्यक्रममा बोल्दै बरिष्ठ प्रगतीशिल साहित्यकार तथा नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले विद्याविमलको पुस्तक गण्डकी प्रदेशको कम्युनिष्ट आन्दोलनको एक दस्तावेज भएको बताए । पुस्तकमा चर्चा गरिएका स्रष्टा स्वयम् विद्याविमलका बुबा टेकनाथ बराल (बा) आफैमा कम्युनिष्ट आन्दोलनका एक धरोहर भएको स्मरण गर्दै उनले भने,' पुस्तकमा तत्कालीन कम्युनिष्ट आन्दोलनको फेहरिस्त छ ।' उनले एकातर्फ संस्मरण र अर्कोतर्फ स्वैर कल्पनामा आधारित उपन्यास लेखेर विद्याविमलले आफू बहुप्रतिभाको धनी भएको पुष्ट्याईं गरेको बताए । नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा गण्डकी प्रदेश ईन्चार्ज किरण गुरुङले पनि विद्याविमलको 'आगोजस्तै पहाड' संस्मरण तत्कालीन पश्चिमाञ्चल (गण्डक) क्षेत्रको संग्रहणीय दस्तावेज भएको बताए । कार्यक्रममा वाम बुद्धिजिवी रामराज रेग्मीले 'आगोजस्तै पहाड' पुस्तकको र सहप्राध्यापक तथा बुद्धिजिवी नरेन्द्र भण्डारीले 'मरिसेला' उपन्यासको समीक्षात्मक टिप्पणी गरेका थिए । समीक्षात्मक टिप्पणी गर्दै रेग्मीले विद्याविमलको 'आगोजस्तै पहाड' भुईंमान्छेहरुको दस्तावेज बनेर आएको बताए । पुस्तकमा 'टेकनाथ बा'लाई रातो पहाडका रुपमा प्रतिबिम्बित गरेर लेखिएको भन्दै उनले थपे,'उहाँ कम्युनिष्ट आन्दोलन र सांस्कृतिक आन्दोलनको धरोहर नै । यसलाई पुस्तकले थप पुष्ट्याईं गर्न सघाउँछ ।' अर्का समीक्षक नरेन्द्र भण्डारीले लेखक विद्याविमलले 'मरिसेला' उपन्यासमा एक क्रान्तिकारी युवतीमार्फत तत्कालीन पश्चिमी कम्युनिष्ट आन्दोलन र आप्रवासी जीवनको भोगाई भनेको बताए । पाश्चात्य डायस्पोरा लेख्ने पछिल्लो स्रष्टा विद्याविमल बनेको भन्दै उनले भने,'उनको लेखकीय शैली सहज र सरल छ, भाषागत शैली सरल र अब्बल छ । अनि बौद्धिक पनि उत्तिकै ।' कार्यक्रममा टेकनाथ बरालका ज्वाईं डा. भरत पहारीले पुस्तक अनुभूतिको प्रतिविम्व भएको बताए । भने, 'दुबै पुस्तकमा साहित्यिक विम्व उत्कृष्ट ढंगले बुनिएको छ, अनि विचारका हिसाबले दार्शनिक ।'

टेकनाथ बरालकी छोरी शोभा बरालले 'टेकनाथ बा' सबैको 'बा' बनेको स्मरण गरिन् । उनले भनिन्, 'त्यसैले उहाँ राजनीतिमा साझा मञ्चको रुपमा रहनु भयो ।' टि.एन.बराल स्मृति अध्ययन केन्द्रका अध्यक्षसमेत रहेका स्रष्टा विद्याविमल बरालको अध्यक्षतामा भएको कार्यक्रममा नारायण मरासिनीले स्रष्टा परिचय गराएका थिए भने कार्यक्रमको सञ्चालन नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष दीपेन्द्र श्रेष्ठले गरेका थिए ।

# निजी विद्यालयलाई गैर नाफा मूलक बनाउने ऐन विरुद्ध कास्कीमा कोण सभा

पोखरापत्र संवाददाता
पोखरा, १२ भाद्र

नेपाल सरकारले ल्याउन लागेको संघीय शिक्षा ऐनको विरोधमा निजी तथा आवासीय विद्यालयले कास्कीमा बिहीबार कोण सभा गरेको छ ।

प्याब्सन, एन प्याब्सन, हिसानमा कास्कीले जिल्ला प्रशाशन कार्यालय कास्की अगाडि कोण सभा आयोजना गरेको हो । संघीय शिक्षा ऐनमा ल्याउन लागिएको निजी तथा आवासीय विद्यालयलाई गैर नाफा मूलक बनाउने र पूर्ण छात्रवृत्तिलाई हटाउन माग गर्दै कास्कीका निजी तथा आवसीय विद्यालयले कोण सभाको आयोजना गरेका हुन् ।

कोण सभामा बोल्दै प्याब्सन कास्कीका अध्यक्ष षडानन्द गौतमले असहमतिका वुदाँ नसच्याएमा कडा रुपमामा आन्दोलनमा उत्रिने चेतावनी दिए । 'हामीले शान्तिपूर्ण रुपमा आन्दोलनमा उत्रिएर आफ्ना माग पुरा गर्न सकारलाई आग्रह गरेका छौ' उनले भने, 'शान्तिपूर्ण आन्दोलनलाई मार्फत हाम्रा माग पुरा नभए कडा आन्दोलन गर्न बाध्य हुने छौं ।' एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले सरकारले ल्याउन लागेको संघीय शिक्षा ऐनले निजी तथा आवसीय विद्यालयका सञ्चालकलाई हतोत्साईत बनाउने काम गरेको बताए ।



'आफ्ना सम्पूर्ण जग्गा जमिन घर धितो राखेर विद्यालय सञ्चालन गरेका छौ' उनले भने 'जिवनको पुरै समयमा शिक्षा सेवामा खटिदै गर्दा नेपाल सरकरबाट सम्मान पाउनुको साटो उल्टै हतोत्साईत गर्ने काम भएको छ । तुरुन्त यो ऐन सच्च्याउन नेपाल सरकारसँग हामी जोडदार माग गर्दछौ ।' हिसान कास्कीका अध्यक्ष दिवाकर जैसीले संघीय शिक्षा ऐन नसच्याए सम्म आन्दोलन नरोकीने बताए ।

प्याब्सन कास्कीका सचिव सुरेन्द्रमान सिंह भण्डारीले पहिलो चरणको आन्दोलन सकिएको बताउँदै आज केन्द्रबाट दोस्रो चरणको आन्दोलनको घोषण हुने जानकारी दिए । कोण सभा लगत्तै संयुक्त संघर्ष समितिले जिल्ला प्रशाशन कार्यालय कास्कीका मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र वुझाएका थिए । पूर्ण छात्रा वृत्ति भन्ने शब्द हटाइनु पर्ने, विद्यालयहरूमा उत्पादन नहुने सामाग्रीहरू जस्तै पोसाक, स्टेशनरी, शैक्षिक सामाग्री, खाना, खाजा प्रावधान खारेज गर्नुपर्ने, कम्पनी ऐन अनुसार दर्ता भई सञ्चालनमा रहेका विद्यालयहरूलाई गैर नाफामुलक बनाउँदै लगिने भन्ने प्रावधान हटाइनुपर्ने माग निजी तथा आवासीय विद्यालयको रहेको छ ।

त्यसै गरी छात्रवृत्ति वितरणको अधिकार सम्बन्धित विद्यालयमा रहनुपर्ने, पालिका प्रतिनिधिको सहभागितामा एक पारदर्शी समिति गठन गरी वितरण गर्ने सकिने व्यवस्था गरिनुपर्ने, छात्रवृत्ति सम्बन्धी ऐन २०२१ को दफा ३(क), नियमावली २०६० को नियम १०(क) मा ४५ प्रतिशत आरक्षण छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७७ ले ११ वटा विश्वविद्यालयमा कक्षा ६ देखि १० सम्म सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीले मात्र उच्च शिक्षा तथा सिटीइभिटी कार्यक्रम अन्तर्गत अध्ययन गर्न पाउने व्यवस्था भएको विभेदकारी उल्लेखित ऐन नियमका दफाहरू खारेज गरिनुपर्ने माग राखेका छन् ।

# ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय कुँडहरमा रक्तदान

पोखरापत्र संवाददाता
पोखरा, १२ भाद्र

जीवनको अर्थ बाहिरी सुन्दरतामा होइन, मनको शुद्धतामा हुनु पर्दछ । अफ्नै जीवनका वारे भद्रकाली वहुमुखी क्याम्पसका क्याम्पस प्रमुख नवराज रेग्मीले जानकारी दिंदै भोगेका आफ्ना अनुभव सुनाउँदा धेरैको आँखा रसाए ।



कसैले गरीब परिवारमा जन्मिएर पनि भित्रैको आत्मविश्वासले ठूलो उपलब्धि हाँसिल गरेको कथा सुनाए प्रमुख रेग्मीले । कसैले धन-सम्पत्ति भएर पनि शान्ति नपाएको तर अन्ततः मन परिवर्तन गरेपछि जीवनमा आनन्द मिलेको रेग्मीले खुशी मुहारमा अनुभव व्यक्त गरे। ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय उपशाखा कुँडहरको आयोजनामा रक्तदान कार्यक्रममा क्याम्पस प्रमुख रेग्मीले धेरैको जीवन शान्तिमय छाएकोले संस्थाको महत्व बढ्दै गएको भने । ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयकी पूर्व मुख्य प्रशासिका राजयोगिनी डा. दादी प्रकाश मणिको पुण्य स्मृतिमा हालै रक्तदान कार्यक्रम गरिएको हो । रक्तदान कार्यक्रममा ४५ जनाले रक्तदान गरेका थिए ।

रक्त संचार केन्द्र पोखराका प्रमुख अर्जुन ज्ञवालीले प्रमुख अतिथी नवराज रेग्मीलाई ब्लड व्याग दिएर कार्यक्रम सुरु गरिएको थियो । राजयोगिनी तपस्विनी व्रह्मकुमारी अप्सराको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी डम्बरवहादुर श्रेष्ठ, रेडक्रस सोसाइटी वडा १२ की अध्यक्ष इन्दिरा पन्त, चिउलेपार्चे तमु समाजका अध्यक्ष शम्मशेर गुरुङ, पृथ्वीधर सिग्देल समाजका अध्यक्ष मैया सिग्देल, गौडाकोमुख टोलविकास संस्थाका अध्यक्ष क्या.कृष्ण वहादुर गुरुङ लगायत वोलेको कार्यक्रममा व्र.कु. नारायणी आचार्यले स्वागत र सरस्वती निमाविका व्यवस्थापन समितिका अध्यक्ष बलवहादुर कार्कीले संचालन गरेका थिए ।

# पोखरामा पातञ्जल योग समिति नेपालको चौथो राष्ट्रिय महाधिवेशन सुरु हुदैं

पोखरापत्र संवाददाता
पोखरा, १२ भाद्र

सुन्दर नगरी पोखरामा पातञ्जल योग समिति नेपालको चौथो राष्ट्रिय महाधिवेशन शुक्रबारदेखि सुरु हुने भएको छ ।

२०७५ असोज १५ गते स्थापना भएको उक्त संस्थाको पोखरामा यही भदौ १३ र १४ गते महाधिवेशन हुने तयारी गरिएको विहिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । पोखरा-११ रानीपौवास्थित रन्जित इभेन्ट सेन्टरमा चौथो राष्ट्रिय महाधिवेशन हुने भएको छ भने उक्त अधिवेशनको उद्घाटन हुनु पूर्व पोखरामा प्रभात फेरीको आयोजना हुने भएको केन्द्रिय सदस्य सपना गुरुङले बताउनुभयो । महाधिवेशनको अवसरमा वृहत योग



विज्ञान शिविर सञ्चालन हुने भएको सरिता पहारीले बताउनु भयो । साथै भदौ १५ गते साँझदेखि १७ गतेसम्म मौन साधनासहित योग ध्यान तथा प्रशिक्षण शिविर हुनेछ। भदौ १३ गते अपरान्ह३:३०बजे"योगकोविकासमा यौगिक संस्थाहरुको भूमिका" विषयक अन्तरक्रिया कार्यक्रम आयोजना हुनेछ । महाधिवेशनको प्रमुख आकर्षण अन्तर्गत भदौ १४ गते बिहान योग प्रभातफेरी कार्यक्रम हुनेछ, जसमा धिमेबाजासहित प्रतिनिधि र सहभागीहरु सहभागि हुने भएको समितिका केन्द्रिय अध्यक्ष बालमुकुन्द सुवालले बताउनु भयो । महाधिवेशनको औपचारिक उद्घाटन गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले गर्नु हुने भएको छ । साथै 'योग बुलेटिन-२०८२' र ४१३ पृष्ठको 'पातञ्जल योग दर्शन पुस्तिका' विमोचन गरिने कार्यक्रम रहेको छ । बन्दसत्रमा संस्थागत प्रगति प्रतिवेदन, भावी कार्ययोजना, आर्थिक प्रतिवेदन प्रस्तुत हुनेछन् भने छलफलपछि आगामी ३ वर्षका लागि नयाँ नेतृत्व चयन गरिने भएको संयोजक एवं उपाध्यक्ष कमला गुरुङले बताउनु भयो ।





## मानव बेचबिखन अपराध हो ।

◆मानिसलाई झुक्याएर बन्धक वनाउने वा दास बनाउने,
◆मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
◆कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
◆प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद विक्री गर्ने,
◆वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव वेचविखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनवमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# सामाजिक सञ्जाल प्लेटफर्महरू सूचीकरण गर

नेपाल सरकारले सामाजिक सञ्जाल प्लेटफर्महरूलाई सञ्चालनपूर्व अनिवार्य रूपमा सूचीकरण गर्न/गराउन पटकपटक आग्रह गर्दै आएको छ। संचार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले गरेको आग्रह नेपालको आग्रह थियो।नेपालको आग्रह अटेर गर्नेहरू विदेशी भन्दा नेपाली बढी थिए । नेपालमा दर्ता हुन नमान्नु नेपाललाई नमान्नु हो।पटकपटक अल्टिमेटम नमानेर बस्नेलाई सरकारले निर्देशनात्मक आदेश दिएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सार्वजनिक सूचना जारी गर्दै गत सोमबारको मन्त्रिपरिषद् बैठकले यसबारे निर्णय गरिसकेको जानकारी दिएको हो ।

सर्वोच्च अदालतले विदेशस्थित अनलाइन तथा सामाजिक सञ्जाल प्लेटफर्महरूको नेपालमा नियमन र सूचीकृत गर्ने आदेश दिएसँगै सरकारले यसबारे ठोस कदम चालेको छ । मन्त्रालयले नेपालभित्र सञ्चालन हुने सबै सामाजिक सञ्जाल प्लेटफर्मले सात दिनभित्र अनिवार्य रूपमा सूचीकृत हुनुपर्ने जनाएको छ। मन्त्रालयले नेपालस्थित सम्पर्क व्यक्ति तोक्नुपर्ने, गुनासा सुन्ने निकाय तोक्नुपर्ने र स्वनियमन प्रणालीको व्यवस्था गर्नुपर्ने समेत स्पष्ट पारेको छ । 'नेपालभित्र सम्पर्क बिन्दु, आवासीय गुनासो सुन्ने अधिकारी तथा स्वनियमन परिपालनको निगरानी गर्ने अधिकारी तोक्नसमेत सरोकारवाला सबैमा सूचित गरिन्छ,' सूचनामा भनिएको छ, 'तोकिएको समयसीमाभित्र सूचीकरण नगर्ने वा सूचीकरणको प्रयोजनका लागि सम्पर्कमा समेत नआउने सामाजिक सञ्जाल प्लेटफर्महरूलाई क्रमशः नेपालभित्र निष्क्रिय गराउने र सूचीकरण गरेमा सोही क्षणदेखि पुनः सक्रिय गराउने गरी नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिइएको व्यहोरासमेत यसैमार्फत सार्वजनिक गरिन्छ ।'

यसअघि सर्वोच्च अदालतले दिएको अन्तरिम आदेशअनुसार नेपालमा प्रचलित सामाजिक सञ्जाल प्लेटफर्मलाई तत्काल सूचीकृत गर्ने र सूचना प्रविधि मन्त्रालयमार्फत नियमन गर्ने निर्णय भएको थियो । नेपालमा सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न इच्छुक व्यक्ति, कम्पनी वा संस्थाले सामाजिक सञ्जालको प्रयोग व्यवस्थित गर्ने निर्देशिका, २०८० बमोजिम सूचीकृत हुनुपर्ने पनि मन्त्रालयले उल्लेख गरेको छ । सामजिकसंजाल नियन्त्रण गर्ने मनसाय हो भने यसको विरोध हुनुपर्छ । कानुन अनुसार दर्ता हुने, कर बुझाउन र सम्पर्क व्यक्ति तोक्न गरेको निर्देशन जायज हो । नियत पवित्र छ भने नेपाली जनतालाई स्पष्टसँग कुरा राख्न आवश्यक छ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# धार्मिक पर्यटनको प्रमुख गन्तव्य बन्दै गाजादहको सिद्धबराह

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ भाद्र

सरकारले एक सय पर्यटकीय गन्तव्यमा समावेश गरेको बागलुङको गाजादहको मध्यभागमा सिद्धबराहको २३ फिट अग्लो पूर्णकदको मूर्ति निर्माण भएको छ ।

चार महिना लगाएर बिनामारेका मूर्तिकार कृष्ण बहादुर सुनारले उक्त मूर्ति बनाउनुभएको हो । मूर्ति तयारीमा रु. २० लाख खर्च भएको छ । समुद्र सतहबाट दुई हजार ५०० मिटरको उचाइमा रहेको बागलुङको जैमिनी नगरपालिका-३ स्थित रहेको गाजादह धार्मिक तथा पर्यटकीय क्षेत्रका रूपमा विकास गर्दै सिद्धबराहको प्रचारप्रसार गर्ने उद्देश्यले सिद्धबराहको मूर्ति स्थापना गरिएको वडाध्यक्ष कृष्णबहादुर भुजेलले जानकारी दिनुभयो । भगवान् विष्णुका दश अवतारमध्येको तेस्रो मानिने बराह अवतार झल्कानेगरी मूर्ति निर्माण स्थापना गरिएको छ । जैमिनी नगरपालिका र स्थानीयको अगुवाइमा ताल संरक्षण, पूर्वाधार तथा सिद्धबराहको मन्दिर निर्माण लगायतका पूर्वाधार थपिएका छन् । गाजादहमा आयोजित ज्ञान महायज्ञमा सङ्कलन भएको रकमबाट मूर्ति निर्माण गरिएको हो । गाजादह २४ वर्गमिटरमा फैलिएको छ । यो धार्मिक पर्यटकका निम्ति प्रमुख गन्तव्यका रूपमा विकास भइरहेको छ ।

# पर्वतका ८६ सडक स्तरोन्नति हुँदै

**पोखरापत्र संवाददाता**
पर्वत, १२ भाद्र

सङ्घीय सहरी विकास मन्त्रालय र गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु ९६ करोडभन्दा बढीको लागतमा ८६ सडक स्तरोन्नति गर्ने भएका छन् ।

जिल्लाका ग्रामीण सडक सुधारमा उक्त रकम गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमार्फत खर्च गरिने छ ।

सडक स्तरोन्नति पनि सोही मन्त्रालयको समन्वयमा हुनेछ । प्रदेश सरकारले रु ६३ करोड ५७ लाख र स्थानीय विकास मन्त्रालयले रु ३३ करोड प्रदान गर्ने यहाँस्थित पूर्वाधार विकास कार्यालयका प्रमुख सन्तोष अर्यालले जानकारी दिनुभयो । गत वर्षको तुलनामा आयोजना र बजेट घटेको छ । यो वर्ष रु १९ करोड ४५ बजेट घटेको छभने ५० वटा आयोजना कम छन् । विगतदेखि सञ्चालनमा रहेका छवटा बहुवर्षीय योजनालाई स्रोत सुनिश्चित भएको छ । यसैगरी, दक्षिण पर्वतको पैंयू गाउँपालिकाको सरौखोलामा निर्माणाधीन छत्तिसेघाट पुलका लागि रु ५१ लख ४० हजार र मिलनचोक-सल्ल्यान-घाखेत सडकका लागि रु तीन करोड बजेट विनियोजन भएको छ । यो सडक विगत चार वर्षदेखि गति लिन सकेको छैन । बस्ती विकास कार्यक्रमअन्तर्गत सङ्घ सशर्त अनुदानबाट पाँचवटा सडकका लागि रु दुई करोड ७५ लाख विनियोजन भई कार्यान्वयन गर्न सुरु गरिएको छ ।

# चार हजारभन्दा बढी क्षेत्रफलमा मकै बीउ प्रवर्द्धन कार्यक्रम

**पोखरापत्र संवाददाता**
दमौली, १२ भाद्र

यहाँस्थित कृषि ज्ञान केन्द्रले जिल्लाका चार हजार ८५ रोपनी क्षेत्रफलामा मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ । केन्द्रले आर्थिक वर्ष २०८१/८२ मा जिल्लाका २० कृषक समूहमार्फत उक्त कार्यक्रम सञ्चालन गरेको हो ।

मकै बीउ उत्पादन तथा मकै बाली प्रवरद्धन कार्यक्रमलाई प्रदेशस्थित कृषि, भूमि तथा सहकारी मन्त्रालयले प्राथमिकतामा राखेको केन्द्रका प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त कार्यक्रम सञ्चालनका लागि एउटा समूह (क्लष्टर) मा कम्तीमा पनि एक सय रोपनी जग्गा हुनुपर्ने प्रावधान छ । कार्यक्रम सञ्चालनका लागि रु ६८ लाख बजेट रहेकामा रु ३९ लाख दुई हजार खर्च भएको लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यक्रमअन्तर्गत समूहलाई ५० देखि ८५ प्रतिशतसम्म अनुदानमा विविध सामग्री उपलब्ध गराइएको छ ।

लामिछानेका अनुसार मकै बीउ उत्पादनका लागि कृषक समूहलाई पाँच हजार ४१४ किलो बीउ वितरण गरिएको छ । उहाँले भन्नुभयो, "३९ थान मिनिटिलर, २१ थान कम्बाइन मिल, ४७ थान मकै छोडाउने उपकरण, १४ थान डिजिटल तराजु, ५२ थान स्प्रेयर, चार सय २० थान त्रिपाल र दुई सय मिटर कुलो वितरण गरिएको छ ।" आँबुखैरेनी गाउँपालिका-६ स्थित एकता कृषक समूहले एक सय रोपनी क्षेत्रफलमा मकै बीउ उत्पादन तथा बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ । आँबुखैरेनी-६ का घलडाँडा कृषक समूहले चार सय, आँबुखैरेनी-२ स्थित गाउँघर कृषक सहकारी संस्थाले दुई सय, ऋषिङ गाउँपालिका-३ स्थित मिलीजुली कृषि तथा पशुपालन समूहले एक सय २०, घिरिङस्थित कालीगण्डकी कृषि सहकारी संस्थाले एक सय ५०, बन्दीपुरस्थित हिमशिखर बहुउद्धेश्यीय सहकारी संस्थाले एक सय, बन्दीपुरकै आँधीमूल तरकारी उत्पादक कृषि सहकारी संस्थले तीन सय, व्यासस्थित पिपलटार कृषक समूहले एक सय, हरियाली फलफूल तरकारी कृषक समूहले एक सय ६०, जौबारी कृषक समूहले एक सय, बर्लाची कृषि उत्पादक सहकारीले चार सय, पोखरीडाँडा कृषक समूहले एक सय, अन्नपूर्ण कृषि उत्पादक सहकारीले एक सय क्षेत्रफलमा कार्यक्रम विस्तार गरेका केन्द्रका प्रमुख लामिछानेले जानकारी दिनुभयो । भानुस्थित साथ फलफूल तथा कृषि सहकारी संस्थाले चार सय, नवआकृति बहुउद्धेश्यीय कृषक समूहले एक सय ५०, समता कृषि सहकारी संस्थाले तीन सय, फाउदी कृषि सहकारी संस्थाले पाँच सय, म्याग्देस्थित नेपानेटारी कृषक समूहले एक सय पाँच, माहिन्द्री गङ्गा कृषि सहकारी संस्थाले दुई सय र म्याग्देस्थित नमूना कृषि तथा पशुपालन कृषक समूहले एक सय क्षेत्रफलमा मकै बीउ उत्पादन तथा बाली प्रवर्द्धन विस्तार गरेका उहाँले बताउनुभयो ।

# अझै कायम छ 'कटुवाल प्रथा'

**पोखरापत्र संवाददाता**
लमजुङ, १२ भाद्र

प्राचीनकालमा तत्कालीन समाजको सूचना प्रसार गर्ने उद्देश्यले प्रारम्भ भएको कटुवाल प्रथा कालान्तरमा सञ्चारका अनेकौं प्रविधि विकास हुँदा करिब हराइसकेको छ । यता पहाडी जिल्ला लमजुङमा भने यो प्रथा अझै कायमै छ ।

जिल्लामा आधुनिक प्रविधिको विकास तथा पहुँच नभएको होइन । प्रायःजसो नागरिकका हातहातमा मोबाइल र इन्टरनेट छ । तथापि, यहाँका कतिपय गाउँमा कटुवालकै भरमा सूचना दिने प्रचलन कायम छ । जिल्ला सदरमुकाम रहेको बेँसीसहर नगरपालिका-१० को गाउँबेँसी,लेतेफाँट,कल्लेरी,डाँडागाउँ, क्व्होलासोथर गाउँपालिका-८ घाम्राङ, घिचे, घाम्राङबेँसी, साल्मेलगायतका गाउँका स्थानीयले आफ्नै गाउँको खबर प्राप्त गर्न भने कटुवालको भर पर्नुपर्छ । बेँसीसहर वडा नं १० का ७० वर्षीय कालु परियार जब गाउँको डाँडामा उभिएर ठूलो स्वरमा उर्दी जारी गर्न थाल्नुहुन्छ, सबै गाउँलेले आफूले गर्दै गरेको काम रोकेर कान ठाडो पार्दै ध्यानपूर्वक सुन्न थाल्छन् ।

परियारले डाँडाबाट आफ्ना गाउँमा हुन लागेको वा हुनेवाला सूचना वा खबर सुनाउनुहुन्छ । प्रविधिको माध्यमबाट सूचना दिने क्रम बढे पनि यहाँका गाउँका बासिन्दा यसरी दिने सूचना (खबर) मै विश्वास गर्छन् । गाउँमा हुने विभिन्न खाले भेला, कार्यक्रम तथा बैठक, विवाहलगायत शुभकार्यमा स्थानीयवासीलाई सहभागी गराउन कटुवालले नै खबर गर्ने प्रचलन छ । बाँझाखेतका स्थानीय तथा शिक्षक नन्दराज घलेले भन्नुभयो, "विश्वका समाचार तथा विभिन्न खबर प्राप्त गरे पनि गाउँका समाचार तथा खबर भने कटुवाल कराएपछि मात्र थाहा पाउने गरेको छु । अन्य माध्यमबाट थाहा पाए पनि कटुवाल कराएपछि मात्रै ढुक्क भइन्छ ।" स्थीय दूधप्रसाद घले पनि गाउँमा हुने धेरैजसो कामका सूचना कटुवालमार्फत थाहा पाइने गरेको बताउनुहुन्छ । वर्षौंदेखि गाउँमा यो प्रथा चलिआएकाले सूचना प्रविधिको जति विकास भए पनि कटुवालको नै महत्त्व रहेको उहाँको भनाइ छ । कटुवाल परियारले यसरी नै गाउँमा कराउँदै सूचना दिँदै आएको ३५ वर्ष भएको बताउनुभयो । "गाउँमा जे कार्जे भए पनि मलाई भन्छन्, अनि डाँडामा गएर गाउँलेलाई ठूलो स्वरमा कराएर सूचना दिने गरेको छु", उहाँले भन्नुभयो । यसरी सूचना दिँदा कतिले थाहा पाएर पनि सुनिएन, बुझिएन भन्ने गुनासो गर्दा यो पेसा त्यति सजिलो नरहेको अनुभूति हुने गरेको परियारले सुनाउनुभयो । "समस्या छ, तर पनि परम्परागत रूपमा चल्दै आएको यो प्रथा जोगाउन आफूले पेसा अँगाल्दै आएको छु", उहाँले भन्नुभयो,"यसबापत विगतमा हरेक वर्ष प्रतिघर १२ माना कोदो दिँदै आएकामा गत वर्षदेखि भने दुई पाथी दिन थालिएको छ । पहिले मान्छे धेरै थिए, अहिले कम छन् । यसरी आएको कोदोले दुई महिना पनि परिवारलाई खाना पुग्दैन ।" यसबाहेक कोदाको उत्पादन कम भएकाले कतिपयले कोदो नै दिने गरे पनि धेरैजसोले त्यसका मूल्य बराबर पैसा नै दिने गरेको कटुवाल परियारले बताउनुभयो । उहाँले नयाँ पुस्तामा भने यस प्रेसाप्रति कुनै चासो नरहेकाले आफ्नो शेषपछि पेसा नै नरहेन चिन्ता लाग्न थालेको गुनासो गर्नुभयो । त्यस्तै, क्व्होलासोथर गाउँपालिका-८ घाम्राङ गाउँका दूधबहादुर गुरुङले पनि कटवाल कराउने काम गर्दै आउनुभएको छ । यहाँ वर्षौं पहिलेदेखि कटुवालको चलन चल्दै आएको र यसलाई निरन्तरता दिनका लागि आफू पनि कटुवाल बनेको उहाँको भनाइ छ । त्यसबापत आफूले गाउँलेबाट सामूहिक रूपमा वार्षिक पाँच मुरी धान, एक मुरी कोदो प्राप्त गर्ने गरेको गुरुङले जानकारी दिनुभयो ।

गाउँको रीतिस्थितिअनुसार असिना बार्ने, बीउ बार्नेदेखि विकास निर्माणका काममा सामूहिक काम गराउन, सामुदायिक वनको गोडमेल, खानेपानीको मर्मतसम्हार, दाउरा काट्ने, दुःख-बिमारमा सघाउने, गाईभैंसी लेकमा लैजाने बेँसीमा राख्नेलगायत काममा पनि कटुवालले नै गाउँलेलाई खबर गर्दै आएका छन् । वडा सदस्य खमाया गुरुङले गाउँभरिको खबर गर्ने आधिकारिक व्यक्ति कटुवालले सूचना दिएपछि अरू माध्यमभन्दा बढी विश्वास लाग्ने गरेकाले पनि प्रथा कायमै रहेको बताउनुभयो । वडा कार्यालयबाट गर्ने कार्यक्रमदेखि गाउँमा हुने सबैजसो कामको खबर गर्ने जिम्मा कटुवालको रहेको उहाँले सुनाउनुभयो । यहाँ बर्सेनि गाउँमा थितिसभा बस्ने र सोही सभाले निर्णय गरेपछि मात्रै अन्नपात उठाउने चलन रहेको छ । यहाँ जिल्लाका अरु केही गाउँमा समेत कटुवाल प्रथा कायमै रहेको जनाइएको छ ।

# सिर्जना चौतारी र फेवा बेगनास चौतारी समायोजन

**पोखरापत्र संवाददाता**
पोखरा, १२ भाद्र

लायन्स इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ जे नेपाल अन्तर्गतका दुई क्लब पोखरा सिर्जना चौतारी र पोखरा फेवा बेगनास चौतारी समायोजन भएका छन् । सन् २०१२ सालमा स्थापना भएको सिर्जना चौतारीको स्पोन्सरमा सन् २०१६ मा स्थापना भएको फेवा बेगनास चौतारी 'मदर क्लब'मा मर्ज भएपछि सिर्जना चौतारीको सदस्य संख्या ५४ पुगेको छ ।

सिर्जना चौतारीले बिहीबार एक कार्यक्रमको आयोजना गरेर समायोजन भइ आएका सदस्यहरूलाई स्वागत गरेको छ । लायन्स क्लब अफ पोखरा सिर्जना चौतारीका वर्ष २०२५/२०२६ का अध्यक्ष जनकराज पराजुलीको अध्यक्षता कार्यक्रम भएको थियो । कार्यक्रममा सिर्जना चौतारीका संस्थापक अध्यक्ष बालकृष्ण बराल, फेवा बेगनास चौतारीका संस्थापक अध्यक्ष सन्तोष घिमिरे, दुवै क्लबका पूर्व अध्यक्षहरू जित बहादुर थापा गोपाल, जीवन गोर्खाली, टङ्क ढकाल, महेश्वर रिमाल, राजु बराल, विधान गौतम, राजाराम पौडेल, उमापति ढकाल, टिका बहादुर लम्साल, चित्र गुरुङ, द्वितीय उपाध्यक्ष रमेश अधिकारी, तृतीय उपाध्यक्ष कृष्णप्रसाद आचार्य, सह कोषाध्यक्ष राजेश ढुंगाना लगायतले दुई क्लब समायोजन भएर कार्य गर्दा काम प्रभावकारी हुने विश्वास गरेका थिए । दुवै क्लबले विगतमा निर्माण गरेको साखलाई कायम राख्दै डिस्ट्रिक्टको अब्बल क्लबको रुपमा स्थापित गर्दै गतिविधि सञ्चालन गर्ने प्रतिवद्धता जनाएका छन् । सिर्जना चौतारीका सचिव खगेश्वर पौडेलले सञ्चालन गरेको कार्यक्रममा स्वागत प्रथम उपाध्यक्ष शान्ति सिग्देलले गरेकी थिइन ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक समवेदना**



जन्मः वि.स. २००४/११/१७

स्वर्गारोहणः वि.स. २०८२/०५/०७

**स्वः शिवकुमारी बराल**

यस पोखरापत्र राष्ट्रिय दैनिकका शुभचिन्तक राम बरालका ममतामयी आमा **शिवकुमारी बराल**को ७८ वर्षको उमेरमा भएको असामयिक निधनमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै आज सातौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**पोखरापत्र राष्ट्रिय दैनिक परिवार**
पोखरा-९, नयाँबजार

# अब पोखराबाट अष्ट्रेलिया उडान

**सिबी अधिकारी**
काठमाडौं, १२ भाद्र/रासस

पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट अष्ट्रेलिया उडान हुने भएको छ। चीनको सिचुवान एयरलाइन्सले छेन्दु हुँदै अष्ट्रेलिया उडान गर्ने तयारी गरेको हो। उक्त प्रयोजनका निम्ति सिचुवान एयरलाइन्सले नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणसँग अनुमति मागेको छ।

प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भूलका अनुसार सिचुवान एयरलाइन्स छेन्दु हुँदै अष्ट्रेलिया उडानको अनुमति मागेको हो। उडान अनुमतिका लागि अनौपचारिक छलफल भएको र आवश्यक प्रक्रिया पूरा गरेर अनुमति दिने तयारी गरिएको उहाँले बताउनुभयो।

आगामी सेप्टेम्बर महिनाबाट उडान गर्ने कम्पनीको योजना रहेको छ। "सिचुवान एयरलाइन्सले पोखराबाट अष्ट्रेलिया उडान गर्ने योजना बनाएको छ। पोखराबाट छेन्दु हुँदै अष्ट्रेलिया उडान गर्नेबारे अनौपचारिक कुराकानी भएको छ। औपचारिक रूपमा प्रक्रिया टुङ्ग्याउने विषयमा द्विपक्षीय छलफलमा भइरहेको छ। छिट्टै उडानको तालिका सम्बन्धित वायुसेवाबाट पेस होला", सूचना अधिकारी भूलले भन्नुभयो।

यो उडान भएमा अष्ट्रेलिया आवत-जावत गर्ने नेपालीलाई सहज हुने विश्वास लिइएको छ।

यसअघि सिचुवान एयरलाइन्सले पोखरा विमानस्थलमा केही समय चार्टर उडान गरेको थियो। कम्पनीले नयाँ गन्तव्यका रूपमा अष्ट्रेलियामा नियमित उडान गर्न चाहेको हो। विसं २०८० असार ६ गते उक्त एयरलाइन्सको एयरबस 'ए' ३१९ पहिलोपटक पोखरा विमानस्थलमा उडान सुरु गरेको थियो। असारको ८ र ९ गते फेवातालमा भएको 'नेपाल-चाइना फ्रेन्डसिप ड्रागन बोट रेस फेस्टिभल २०२३' सहभागी चिनियाँ प्रतिनिधि, खेलाडी, दर्शकसहितका पर्यटकलाई ल्याउने र लैजाने प्रयोजनार्थ चार्टर्ड उडान गरिएको थियो।

पोखरा अन्तराष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाका अनुसार पोखरामा हिमालय एयरलाइन्सले मात्रै नियमित उडान गरिरहेको छ। कम्पनीले आगामी सेप्टेम्बर महिनादेखि अष्ट्रेलिया उडान गर्ने योजना बनाएको छ।

यसैबीच भुटानको निजी वायुसेवा कम्पनी भुटान एयरलाइन्स (टासी) ले पनि पोखरा विमानस्थलमा चार्टर्ड उडान गर्ने तयारी गरेको छ। एयरलाइन्सले पोखराबाट पारो इन्टरनेसनल एयरपोर्टका लागि दुई/तीनवटा चार्टर्ड उडानको अनुमति मागेको प्राधिकरणका सूचना अधिकारी भूलले बताउनुभयो। उहाँका अनुसार भुटान एयरलाइन्सले आगामी सेप्टेम्बर २८ र अक्टोबरमा चार दिन यात्रु चार्टर्ड उडानका लागि अनुमति मागेको छ।

भुटान एयरलाइन्सले पहिलेदेखि नै उडान गर्ने भनेको थियो। "चार्टर्ड उडान दिगो भएमा काठमाडौंजस्तै पोखरा भैरहवाबाट एउटा देशको एयरलाइन्सलाई पोखरा हुँदै अर्को देश जान पाउने उडान 'फिफ्थ फ्रिडम फ्लाइट' दिने भनेर पहिले नै निर्णय गरिएको छ। सुरुमा भुटान एयरलाइन्सले काठमाडौं-पारो-काठमाडौं उडान गर्नेछ। उडान नियमित भएको खण्डमा पारो-पोखरा-दिल्ली र दिल्ली-पोखरा-पारो उडान गर्ने एयरलाइन्सको योजना छ", सूचना अधिकारी भूलले भन्नुभयो। भूटान एयरलाइन्सलाई केही दिनभित्रै उडान अनुमति दिइने प्राधिकरणले जनाएको छ। हाल हिमालय एयरलाइन्सले पोखरा अन्तराष्ट्रिय विमानस्थलमा हप्तामा एक दिन नियमित उडान गरिरहेको छ। काठमाडौं-ल्हासा-पोखरा-ल्हासा-काठमाडौं जोड्नेगरी हिमालयले उडान सञ्चालन गरिरहेको हो। पोखरा अन्तराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको दुई वर्षपछि हिमालयले पहिलो व्यावसायिक उडान सुरु गरेको थियो। विमानस्थलमा हिमालयका साथै सिचुवान र भूटान एयरलाइन्सको उडान भएमा विमानस्थल चलायमान बन्ने र गन्तव्य जाने यात्रुका लागि पनि सहज हुने प्राधिकरणको विश्वास छ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पोखरा अन्तराष्ट्रिय विमानस्थल विसं २०७९ पुस १७ गते उद्घाटन भएको थियो। त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको ७१ वर्षपछि मुलुकभित्र दोस्रो अन्तराष्ट्रिय विमानस्थलका रूपमा रुपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको थियो। त्यसको छ महिनापछि पोखरा अन्तराष्ट्रिय विमानस्थल उद्घाटन भयो। यो विमानस्थलमा अन्तराष्ट्रिय उडान विस्तार हुने क्रम जारी छ।

तीन हजार ९०० रोपनी क्षेत्रफलमा फैलिएको पोखरा विमानस्थल झन्डै २२ अर्ब लागतमा निर्माण भएको हो। वार्षिक आठ लाख यात्रुलाई सेवा दिनसक्ने क्षमताको यस विमानस्थलमा दुई हजार ५०० मिटर लम्बाइ र ४५ मिटर चौडाइको धावनमार्ग रहेको छ।

हाल भूटानको सरकारी वायुसेवा कम्पनी ड्रुक एयर र भूटान एयरलाइन्सले काठमाडौंमा नियमित उडान गरिरहेका छन्। भूटान एयरलाइन्सले 'फिफ्थ फ्रिडम फ्लाइट' प्रयोग गरेर पारो-काठमाडौं-दिल्ली र दिल्ली-काठमाडौं-पारो भएर हप्ताको चार दिन उडान गरिरहेको छ। ड्रुक एयरले पारो-काठमाडौं-पारो-दिल्ली-काठमाडौं 'ओभर फ्लाइट' गरिरहेको छ। आगामी सेप्टेम्बर २८ र अक्टोबरमा चार दिन यात्रु चार्टर्ड उडान अनुमति पाए सेवा सञ्चालन भएमा त्यसले पनि यसको प्रचारमा टेवा पुग्ने विश्वास गरिएको छ।

प्राधिकरणका अनुसार चार्टर्ड उडान अनुमति दिन केही समस्या नभए पनि नियमित उडानका लागि भने अब पोखरा र भैरहवा बेस भएर उडान गर्नेगरी अनुमति दिइनेछ। नेपालले हाल ४२ मुलुकसँग हवाई सेवा सम्झौता गरेको छ। हवाई सम्झौता पुनरावलोक गर्दा भैरहवा र पोखरा उडान थपिनेछ। कुनै पनि वायुसेवा कम्पनीलाई पोखरा र भैरहवाबाट चार्टर्ड उडान गर्न दिन कुनै समस्या नभएको सूचना अधिकारी भूलले बताउनुभयो। प्राधिकरणको विवरणमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भएर नेपालका तीन हवाई सेवा प्रदायक कम्पनीसहित ३० एयरलाइन्सले अन्तराष्ट्रिय उडान गर्दै आएका छन्।

# पानी ट्यांकी हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, १२ भाद्र



पोखरा २५, गौरीशंकर बहुमुखी क्याम्पसमा एक कार्यक्रम बिच खानेपानी ट्याङ्की हस्तान्तरण गरिएको छ।

लायन्स क्लब अफ पोखरा हेमजाको आयोजना, लायन्स क्लब पोखरा अन्नपूर्ण संयोजन एवं द रोमजी स्कुल यूकेको सहयोगमा निर्माण भएको ट्याङ्कीको प्रमुख अतिथि लायन्स इन्टरनेशनल ३२५ जे नेपालका प्रथम भाइस गभरनर एमजेएफ लायन प्रजापति बाँस्तोलाले गरेका थिए। प्रमुख अतिथि बाँस्तोलाले लायन्स क्लब अफ पोखरा हेमजाले शुद्ध खानेपानीका लागि गरेको कार्यको प्रशंशा गर्दै जहाँ समस्या त्यहाँ लायन्स रहेको यस्ता कार्यहरूले पुष्टि गरेको कुरा बताउनुभयो। विशेष अतिथि पोखरा महानगरपालिकाका प्रवक्ता तथा वडा नं २५ का अध्यक्ष मोतिलाल तिम्सिनाले लायन्स ले हेमजा क्षेत्रमा गरेको कार्यहरूको प्रशंशा गर्दै शिक्षा,स्वास्थ्य तथा सामाजिक क्षेत्रमा बिभिन्न विधामा कार्य गर्दै आइरहेको र लायन्स क्लब र जनप्रतिनिधिको उद्देश्य एउटै रहेको बताउनुभयो। लायन्स क्लब अफ पोखरा अन्नपूर्णका पूर्व अध्यक्ष एवं खानेपानी ट्याङ्की निर्माण कार्यक्रमका निर्देशक सोनाम साङपोका अनुसार २२ वर्षअघि पोखराका विद्यालयका विद्यार्थीको दिसा परीक्षण गर्दा ७० प्रतिशत विद्यार्थीमा पानीका कारण स्वास्थ्यमा विभिन्न समस्या देखिएको थियो। त्यसयता विभिन्न दाता सहयोगमा पानी शुद्ध बनाउन यहाँका विभिन्न विद्यालयमा ३ सय थान यूरोगार्ड वितरण गरिएको उनले स्मरण गरे। वितरित यूरोगार्डले सुरुमा राम्रै काम गरे पनि तत्कालीन अवस्थाको लोडसेडिङको समस्या र आवश्यक मर्मत सम्भार अभावले २-३ वर्षपछि काम नगरेपछि स्वच्छ पानीको निम्ति स्थायी समाधान गर्न सन् २०१७ देखि खानेपानी ट्याङ्की निर्माण थालिएको हो र आज यो ५४औं खानेपानी टंकी हस्तान्तरण कार्यक्रम रहेको कुरा बताउनुभयो। कार्यक्रममा क्याम्पस संचालक समितिका अध्यक्ष देवकृष्ण पौडेलले लायन्स क्लबले गरेको कार्यको सहाना गर्दै धन्यवाद तथा आभार ब्यक्त गर्नुभयो। हस्तान्तरण समारोहमा गौरीशंकर क्याम्पसका क्याम्पस प्रमुख कृष्णप्रसाद पौडेल, लायन्स इन्टरनेशनल ३२५ जे नेपालका गण्डकी एरिया चिफ महेश श्रेष्ठ, जोन ९ का जोन चियर पर्सन तिर्थ श्रेष्ठ लगाएतले शुभकामना मनतव्य ब्यक्त गर्नुभएको छ।

लायन्स क्लब अफ पोखरा हेमजाका अध्यक्ष दुर्गाप्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तब्य संस्थाका प्रथम उपाध्यक्ष सुरेश श्रेष्ठ, राष्ट्रिय झण्डाको अभिवादन निवर्तमान अध्यक्ष सन्तमान श्रेष्ठले र कार्यक्रम संचालन सचिव कृष्णमान श्रेष्ठले गर्नुभएको थियो।

# भीरकोटमा शतप्रतिशत योजनाको काम

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १२ भाद्र

स्याङ्जाको भीरकोट नगरपालिकाले शतप्रतिशत योजनाको काम गरेको छ। आर्थिक वर्ष २०८१/०८२ मा कार्ययोजना अनुरुप तयार गरिएका २३८ योजनाहरुको काम गरेको हो। वार्षिक कार्ययोजनामा समावेश भएका योजनाहरु उपभोक्ता समिति र ठेक्का प्रक्रियाबाट शतप्रतिशत काम गरेको छ।

कार्ययोजनामा सडक, भवन, सिँचाइ, खानेपानी, पर्यटन पूर्वाधार निर्माण, विस्तार र मर्मत समेतका सानाठूला गरि २३८ योजना थिए। योजना निर्माण गर्न १५ करोड ३८ लाख ९१ हजार विनियोजन भएकोमा ११ करोड २३ लाख ५१ हजार ३३८ रुपैयाँ खर्चेर नगरपालिकाले लक्ष्य अनुसार शतप्रतिशत योजनाको काम गरेको जनाएको छ।

नगरपालिकाले गएको वर्ष २३१ योजना उपभोक्ता समिति मार्फत काम गरेको नगरप्रमुख गोविन्द कुमार कर्माचार्यले जानकारी दिए। सडक, तटबन्धन सहित ५ वटा योजना ठेक्काबाट निर्माण गरेको बताउँदै नगरप्रमुख कर्माचार्यले योजना अनुसार पार्कभित्र स्वीमिङ्ग पुल र ताल निर्माणका दुई योजना प्रदेश सरकारको विषेश अनुदानबाट खर्चनेगरि बहुवर्षिय ठेक्कामा काम भईरहेको जनाए। ठेक्का प्रक्रियाबाट नगरको सबैभन्दा ठूलो योजना आँधीखोला तटबन्धनको काम गरिएको छ। तिन करोड ७३ लाख ६९ हजार ४९८ रुपैयाँमा आँधीखोलाको झण्डै ११ सय मिटर दोहोरो (वारिपारि) तटबन्ध गरिएको छ। बर्खासँगै बढेर आउने आँधीखोलाले कटान गर्ने सयौं रोपनी खेतीयोग्य जमिन र एक खेलमैदानलाई तटबन्धनले सुरक्षित गरेको नगरपालिकाले जनाएको छ। बयरघारी मोहनडाँडा-दुलिभञ्ज्याङ पर्यटहिले सडक एक करोड ८७ लाख ५८ हजार ९२० रुपैयाँमा ठेक्का लगाएर १.५० किलोमिटर सडक निर्माण गरेको नगरपालिकाका योजना प्रमुख यामप्रसाद रेग्मीले बताए। गएकै वर्ष ठेक्काबाट पालिकाको पर्यटकीय क्षेत्र सुन्दरबजार-स्वरेक मैदान जोड्ने सडक ६४ लाख ६७ हजार ८२४ रुपैयाँमा झण्डै एक किलोमिटर निर्माण गरिएको उनले बताए। बयरघारीबाट मैदानको दुरीमा करिब १३ किमि सकड बन्नुपर्नेमा ५ किलोमिटर बनेको छ भने चालु वर्षमा पर्यटकीय क्षेत्र स्वरेक मैदान पक्की सडकले जोडिने योजना प्रमुख रेग्मीले दावी गरे।

प्रदेश सरकारको विषेश अनुदानमा भीरकोट पार्कभित्र स्वीमिङ्ग पुल निर्माणमा ५३ लाख ४१ हजार ४११ रुपैयाँ खर्च भएको छ। प्रदेशकै ३७ लाख १८ हजार ५६१ रुपैयाँमा ताल (पोखरी) निर्माण गरिएको छ। नगरको विषेश पहलमा प्रदेश सरकारले पोखराको तालबाराही मन्दिरको स्वरुपमा निर्माणधिन ताल र मन्दिर निर्माणको काम यहि वर्ष सकिने नगरपालिकाले जनाएको छ। आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिकाको ७८ करोड २६ लाख ९१ हजार कुल बजेटमा चालु ६० करोड ७३ लाख ८० हजार १३० रुपैयाँ र पुँजीगत शिर्षकमा १७ करोड ५१ लाख ५० हजार रहेको थियो। चालुतर्फ ५५ करोड ५८ लाख २४ हजार २२८ रुपैयाँ अर्थात झण्डै ९२ प्रतिशत र पुँजीगत खर्चतर्फ करिब ६७ प्रतिशतले हुने ११ करोड ६६ लाख ११ हजार ५८५ रुपैयाँ खर्च भएको नगरपालिकाले जनाएको छ। शतप्रतिशत योजनाको काम गरेको नगरपालिकाले गएकै वर्ष १२ दशमलब ३५ प्रतिशत बेरुजु फछ्र्यौट गरेको छ। दुई करोड ९६ हजार ४३ हजार कुल बेरुजुमा ३६ लाख ६६ हजार ६३७ रुपैयाँ फछ्र्यौट गरेको नगरपालिकाले जानकारी दिएको छ।

# तेस्रो संस्करणको ऐतिहासिक टुँडिखेल तीज महोत्सव जारी

**पोखरापत्र संवाददाता**
पोखरा, १२ भाद्र

पोखराको पुरानो टुँडिखेलमा जारी तेस्रो संस्करणको ऐतिहासिक टुँडिखेल तीज महोत्सव २०८२ अन्तर्गत शुक्रबार राजु परियार र ज्योती मगरले दर्शक नचाउने भएका छन्।

'हाम्रो सँस्कृति हाम्रो पहिचान लोपोन्मुख सस्कृति जोगाउने हाम्रो अभियान' भन्ने नाराका साथ नेपाली महिलाहरुको महान पर्व हरितालिका तीजको अवसर पारि पोखरा महानगरपालिका वडा नम्बर १ टुँडिखेलस्थित इन्द्रेणी एकिकृत विकास केन्द्रको आयोजना र विद्युतीय सवारी निर्माता कम्पनी बीवाईडीको मुख्य प्रायोजनमा जारी महोत्सवमा दैनिक रुपमा विभिन्न राष्ट्रिय तथा स्थानीय कलाकारहरुको प्रस्तुती जारी रहेको छ। कलाकार हरुको प्रस्तुती अन्तगत शुक्रबार राजु परियार र ज्योती मगर सगै चोलेन्द्र पौडेल, शिवहरी ढुङ्गाना, शिव पौडेल, कृष्ण भट्टराई, कमला गैरे, शान्ति बर्देवा सञ्जिव सिंह राना लगायतका कलाकारले आ आफ्नो प्रस्तुती मार्फत दर्शक नचाउने सगै पोखराको पुरानो टुँडिखेल घन्काउने भएका



आयोजक केन्द्रका अध्यक्ष भानुभक्त अधिकारीले जानकारी दिए।

जारी महोत्सवमा बिहीबार रोजिना परियार, तारापति सुवेदी, रामजी पौडेल, नवराज अधिकारी, तुलसा जिसी, पार्वती गुरुङ, गगन गुरुङ लगायतका कालाकारहरुले आ आफ्नो प्रस्तुती राख्नेका थिए।

महोत्सव अर्न्तगत आयोजना गरिएको एकल नृत्य प्रतियोगिता, छेलोहान्ने प्रतियोगिता, ढिकी जातो प्रतियोगिता र तिज गित प्रतियोगिता भने सम्पन्न भएका छन्। १० दिने महोत्सवमा दैनिक उपभोग्य, कृर्षि, हस्तकला, बैक तथा वित्तिय सस्था, लत्ता कपडा सगै अन्य विभिन्न गरि एक सय ५० व्यापारिकस्टलहरु, रेष्टुरेन्टका स्टल, वाल उद्यान रहेका छन्।

ऐतिहासिक टुँडिखेलको संरक्षण, परम्परागत नेपाली कला संस्कृतीको संरक्षण, महिला दिदी-बहिनीहरुद्वारा उत्पादित वस्तुहरुको प्रदर्शनी, नृत्य र संगित मार्फत महिला सशक्तिकरणमा टेवा पुर्याउने, तीजलाई भड्किला नभई मौलिक तीजको रुपमा विकास गर्ने, लोपउन्मुख संस्कृतिको जगेर्ना, अन्तरनिहित प्रतिभाको लागि स्थान र वातावरण उपलब्ध गराउने, सस्कृतिक, खेलकुद तथा ज्ञानवर्द्धक एवम् मनोरञ्जनात्मक कार्यक्रम संचालन, आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धना टेवा पुर्याउने, इन्द्रेणी एकेडेमीमा रहेका बालबालिकाहरुको समग्र स्तर उन्नति गर्ने, निर्माण सम्पन्न इन्द्रेणी आवाशिय क्रियाकर्म भवनलाईलाई सुविधासम्पन्न बनाउने, शव यात्रा वाहन सञ्चालन गर्ने लगायतका उदेश्य सहित महोत्सव आयोजना गरिएको अध्यक्ष अधिकारीले जानकारी दिए।

महोत्सव सम्पन्न गर्न टुर्वोग वियरले सह प्रायोजन सगै गृहलक्ष्मी ग्यास, कर्मा ईन्टरनेशनल ईम्प्लोयमेन्ट प्रालि काठमाण्डौले उप प्रायोजन गर्ने भएका छन्। यसै गरि बाल्टा होम एप्लिकेसन, राष्ट्रिय वाणिज्य बैक र सालिको इन्स्यूरेन्सले प्रायोजन, राष्ट्रिय माध्यमिक विद्यालयले विशेष सहयोग, सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश, पर्यटन तथा उद्योग मन्त्रालय गण्डकी प्रदेश, पोखरा महानगरपालिका, माछापुच्छ्रे गाउँपालिका, अन्नपूर्ण गाउँपालिका र पोखरा १, २, ३ वडा कार्यालयले प्रवर्द्धन गर्ने महोत्सव सम्पन्न गर्न गण्डकी मेडिकल कलेज, लेकसिटी पानी, कम्प्लिट गार्डेन न्युरोड पोखरा, गरिमा विकाश बैंक, गौतम स्याङ्जा सुन चाँदी पसल चिप्लेढुङ्गा, प्रतिभा माध्यमिक विद्यालय, पराजुली आयल स्टोस पोखरा १, कुबेर हार्डवयर, लान्डुक पेट्रोलियम प्रा.लि, पोखरा इन्टरनेट, निचि वेवि चिप्लेढुङ्गाले सहयोग गरेका छन्।

# मुस्ताङ र बागलुङमा फलफूल चिस्यानगृह निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ भाद्र

म्याग्दी, मुस्ताङ, बागलुङ र पर्वत जिल्लामा सञ्चालित राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाको सहयोगमा दुई वटा फलफूल चिस्यानगृह निर्माण भएका छन्।

परियोजनाले रु १५ लाखको लागतमा बागलुङ नगरपालिका-१० भकुण्डे र मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ झारकोटमा त्यति नै रकम खर्चेर चिस्यानगृह निर्माण गरेको हो।

दुवै चिस्यानगृहमा १० मेट्रिकटन फलफूल भण्डारण गर्न सकिने परियोजनाका कृषि अधिकृत विक्रम बस्यालले बताउनुभयो। म्याग्दी, मुस्ताङ, बागलुङ र पर्वतमा प्रशस्त स्याउ र सुन्तला उत्पादन हुने भएकाले प्राथमिकताका साथ चिस्यानगृह निर्माण गरिएको हो।

परियोजनाले रु. आठ लाख अनुदान दिएर पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कमा सुन्तला सङ्कलन केन्द्र निर्माण गरेको छ। परियोजनाका अनुसार बेनी, बागलुङ नगरपालिका, काठेखोला, मङ्गला, रघुगङ्गा, अन्नपूर्ण र जलजला गाउँपालिकामा सुन्तला, मुस्ताङको २२ वटा वडामा स्याउ, म्याग्दीको छ वटै पालिकामा बङ्गुर, मुस्ताङको लोमान्थाङ, लोघेकर दामोदरकुण्ड र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा च्याङ्ग्रा जोन लागू भएको छ। यसैगरी म्याग्दीको अन्नपूर्णको सबै वडा, रघुगङ्गाका वडा ५, ६, ७, ८ र बेनी नगरपालिकाको १० नम्बर वडा मुस्ताङको सबै क्षेत्रमा आलु जोन लागू भएको छ। सुन्तला, स्याउ, आलु, च्याङ्ग्रा र बङ्गुरको व्यावसायिक पालनका साथै कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) कार्यक्रम लागु भएका स्थानका किसानलाई चिस्यानगृह, फलफूल प्रशोधन, कृषि उपकरण, साना सिँचाइ, नर्सरी स्थापना, गोठ सुधारका लागि गत आर्थिक वर्षमा रु. दुई करोड ९२ लाख १६ हजार अनुदान वितरण गरेको कृषि अधिकृत बस्यालले बताउनुभयो।

# महासङ्घको अध्यक्षमा श्रेष्ठ निर्वाचित

**रासस**
काठमाडौं, १२ भाद्र

देशभरका यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घको काठमाडौं जिल्ला अध्यक्षमा सुरेश श्रेष्ठ निर्वाचित हुनुभएको छ।

महासङ्घको बिहीबार सम्पन्न सातौं जिल्ला अधिवेशनबाट श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित भएको हो। सचिवमा हरिशचन्द्र श्रेष्ठ र कोषाध्यक्षमा राजन श्रेष्ठ निर्वाचित हुनुभएको महासङ्घका बागमती प्रदेश संयोजक सुवन गिरीले जानकारी दिनुभयो।

यस्तै सदस्यमा नविना खड्का, रामकुमार केसी, टीका कार्की, जय दाहाल, रुपेश श्रेष्ठ, कृष्णप्रसाद घिमिरे, चित्र भट्ट, खिलबहादुर श्रेष्ठ, दुर्गा सारु मगर र उद्धव खड्का निर्वाचित हुनुभएको छ। राजधानी काठमाडौंमा भएका झण्डै २०० यातायात समिति तथा कम्पनीको प्रतिनिधित्व गर्दै उक्त समिति निर्वाचित भएको हो। अधिवेशनको महासङ्घका केन्द्रीय अध्यक्ष विजयबहादुर स्वाँरले उद्घाटन गर्नुभएको थियो।